# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:-२०८२/०८३
च.नं.:-

मिति:-२०८२।०९।०७

सूचना ।　　　　सूचना ॥　　　　सूचना ॥।

**सूचना प्रकाशित मिति:-२०८२।०९।०७**

जिल्ला महोत्तरी जलेश्वर नगरपालिका वडा नं.४,९,११ र १२ स्थितको सार्वजनिक पोखरीहरुको आ.व. २०८२।०८३ को २०८२ साल माघ ०१ गते देखी आ.व. २०८७।०८८ को २०८७ साल पौष मसान्त सम्म वर्ष ५ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक माहानुभावहरुले निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र दिन हुन सर्वसाधारणको जानकारीको लागि यो १५ दिने शिलबन्दी दरभाउपत्र प्रकाशित गरिएको छ ।

**तपसिल**

१.उल्लेखित पोखरीको शिलबन्दी दरभाउपत्र दिनुपर्ने छ र शिलबन्दी दरभाउपत्र खाममा पोखरीको नाम, कित्ता नं. र क्षेत्रफल उल्लेख भएको हुनु पर्ने छ ।

२. दरभाउपत्र फाराम दस्तुर यस कार्यालयबाट पछि फिर्ता नहुने गरी रु.१,०००।- तिरी १५औं दिन सम्म यस कार्यालयबाट कार्यालय समय सम्म खरिद गर्न सकिने छ ।

३. शिलबन्दी दरभाउ पत्र १६ औं दिन दिनको १:०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ ।

४.पर्न आएको शिलबन्दी दरभाउ पत्र १६ औं दिन दिनको ३ :०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समयमा दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोलिने काम रोकिने छैन ।

५. शिलबन्दी दरभाउ पत्र दिने व्यक्ति नेपाली नागरिक भएमा ५ प्रतिशत तथा गैर नेपाली नागरिक भएमा १० प्रतिशत यस कार्यालयको जलेश्वर स्थित रहेको रा.बा. बैंकमा धरौटी हि.नं. १२७०१००३०३००००३ मा जम्मा गरेको बैंक भाउचर सक्कल, टिकट वापत रु.१०।-को नोट तथा फर्मको हकमा २०८३ अषाढ मसान्त सम्म नविकरण सहितको फर्म लगायत अन्य प्रमाणपत्रको प्रतिलिपि सम्बन्धी कागजातहरु र व्यक्तिको हकमा ना.प्र.पत्रको फोटोकापी समेत दरभाउ पत्र साथ संलग्न राखि पेश गर्नुपर्ने छ तथा धरौटी रकम नगदलाई मान्यता दिईने छैन ।

६. सबै भन्दा बढी कबुल अंकवालाको ठेक्का स्वीकृत भएपछि तोकिएको समयमा पट्टा उठाउनु पर्नेछ । पट्टा उठाउन नआएमा राखेको धरौटी रकम जफत गरी नियमानुसार क्रमशः ठेक्का अर्कोलाई दिने नदिने अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

७. कित्ता नं. २८४, १५७, २७८, ३०७, २०६, १०२, २१९ र जिम्दार पोखरीको ठेक्का स्विकृत भएपछि स्वीकृत ठेक्का अंकको प्रथम किस्ताको रकम यस कार्यालयमा प्राप्त भएपछि पट्टा दिने र कबुलियतको कार्य हुनेछ । साथै अन्य बाँकि पोखरीहरुको सम्बन्धमा प्रथम किस्ताको रकम यस कार्यालयमा बुझाउनुपर्ने छ र दामासाहीले १ किस्ता बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्ग बैंकको कम्तीमा १ वर्ष म्याद भएको बैंक जमानी पत्र वा २ किस्ता बराबरको नगदै रकम यस कार्यालयमा प्राप्त भएपछि पट्टा दिने र कबुलियतको कार्य हुनेछ । अन्य किस्ताको हकमा अगामी वर्ष पौष मसान्त भित्र अर्को किस्ता बुझाउनु पर्ने छ र सो नबुझाएमा ठेक्का रद गर्ने तर्फ कार्यवाही भै जाने छ ।

८. किस्ताको हकमा कवुल अंकको ५ किस्ता कायम गरिनेछ ।

९.दरभाउ पत्र फाराममा कुनै किसिमको शर्त वा कैफियत उल्लेख गर्न पाईने छैन । उल्लेख गरेको दरभाउ पत्र स्वतः रद्ध हुनेछ ।

१०. ठेकदारको सम्झौता गर्दा ठेक्का अनुसारको सम्पुर्ण किस्ता रकम एकमुस्ट बुझाएमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिने छ ।

अधिकृत

प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकिय अधिकृत

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:-२०८२/०८३
च.नं.:-
मिति:-२०८२।०९।०७

११. नगरपालिकाले तोकिएको समयमा किस्ता रकम नबुझाएमा १० प्रतिशत ब्याज सहित असुल गरिनेछ वा नियमानुसार ठेक्का रद्ध गरि धरौटी जफत गर्न सकिनेछ ।

१२. ठेक्का लिदाँ नेपाल सरकारलाई बुझाउनु पर्ने कर , दस्तुर स्वयम् ठेकेदारले नै बुझाउनु पर्नेछ र बुझाएको प्रमाण पेश हुन आएमा धरौटी रकम फिर्ता गरिनेछ ।

१३. पोखरीको चलन गर्दा साविकको आकार प्रकारमा न.पा. को स्वीकृती विना कुनै पनि किसिमले हेरफेर गर्न पाईने छैन ।

१४. पोखरीमा कुनै किसिमको विकास निर्माण कार्य गर्नु परेमा नगरपालिका कार्यालयले कुनै समयमा कुनै काम गर्न सक्नेछ । विकास निर्माणको कार्य गर्दा क्षतिपुर्ति सम्बन्धमा न.पा. को निर्णय अनुसार हुनेछ ।

१५. ठेक्का लिदाँ हुने हानी नोक्सानी, दैवी प्रकोप वा अन्य हानी नोक्सानीको जवाफदेही कार्यालयको नभई स्वयं ठेकदार नै हुनेछ । अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ ।

१६. यस कार्यालयको कुनै पनि ठेक्काको रकम बाकी रहेको व्यक्तिलाई ठेक्का दिइने छैन ।

१७. नगरपालिकाले दिएको निर्देशन र निर्णयको पालन ठेकदारले गर्नुपर्ने छ ।

१८. कबुल अंकमा ठेक्का दिने नदिने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१९. रित नपुगेको वा म्याद नाघी आएको दरभाउ पत्र माथि कुनै किसिमको कार्यवाही गरिने छैन ।

२०.अन्य कुरा बुझ्नु परेमा कार्यालय खुलेको समयमा राजश्व शाखामा सम्पर्क राखी जानकारी लिन सकिनेछ । वा यस न.पा. कार्यालयको अफिसियल वेभसाइटमा समेत सूचना प्रकाशन भएको हेर्न सकिन्छ ।

२१. यस सुचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

**तपसिल**

| गा.वि.स. | साविक वडा नं. | किता नं. | क्षेत्रफल | पोखरीको नाम | चारकिला | न्युनतम अंक |
|---|---|---|---|---|---|---|
| पिगौना | ४ | २८४ | ०-२-९ | सार्वजनिक | पूर्वमा किता नं.९०/३२७ रामभजन साह, पश्चिममा कितानं.९०/४९८विन्देश्वर प्रसाद साह, उत्तरमा किता नं.९०/३२९रामकृपाल साह रदक्षिण किता नं.८८/२८५ पैनी | २५,०००।- |
| पिगौना | ५ | १५७ | ०-६-१७ | सार्वजनिक | पूर्वमा किता नं.१४७ गाउँ ,पश्चिममाकितानं.१५८गाउँ, उत्तरमाकितानं.५६रामलोचन चौधरी र दक्षिण किता नं.१५० पशुराम चौधरी | ७५,०००।- |
| पिगौना | ६ | २७८ | ०-६-० | सार्वजनिक | पूर्वमा बाटो ,पश्चिममा बाटो उत्तरमा घरवास किता नं. २७७ र दक्षिणमा बाटो | ७५,०००।- |
| पिगौना | ६ | ३०७ | ०-७-१८ | सार्वजनिक | पूर्वमा सिमाना, पश्चिममा बाटो | १,००,०००।- |

प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

अधिकृत "सातौं"

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:-२०८२/०८३
च.नं.:-

मिति:-२०८२।०९।०७

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | उत्तरमा बाटो र दक्षिणमा गाउँ कि.नं.३०८ | |
| पिगौना | ८ | २०६ | ०-९-७ १/२ | सार्वजनिक | पूर्वमा किता नं.२०७ सुखदेव चौधरी ,पश्चिममा किता नं. २०७ सुखदेव चौधरी उत्तरमा किता नं.२०७ सुखदेव चौधरी र दक्षिण किता नं.२०७ सुखदेव चौधरी | १,२५,०००।- |
| पिगौना | ९ | १०२ | ०-१४-१४ | सार्वजनिक | पूर्वमा किता नं.१०१ इसर पाण्डेय ,पश्चिममा किता नं. १०१ इसर पाण्डेय उत्तरमा किता १०१ इसर पाण्डेय र दक्षिण किता नं.१०१ इसर पाण्डेय | २,५०,०००।- |

| | |
|---|---|
| तेलीया पोखरी ज.न.पा.९ | ७,७७,१००।- |
| ओम पेट्रोल पम्प नजिकको पोखरी ज.न.पा.९ | ४,२८,४५०।- |
| आशनारायण घर अगाडिको पोखरी ज.न.पा.१२ | ६,०७,०५०।- |
| बनखत पोखरी ज.न.पा.१२ | १,२१,६००।- |
| जिमदार पोखरी वडा नं.४ सुगाभवानीपट्टी | ८,००,०००।- |
| कित्ता नं. २१९ क्षेत्रफल ०-१२-२.५ भैरव स्थान नजिकको पोखरी | १,२५,०००।- |

अधिकृत 'सातौं'

प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकिय अधिकृत

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्याः-२०८२/०८३
च.नं.:-

मितिः-२०८२।०९।०७

## सूचना । सूचना ॥ सूचना ॥।

### तेस्रो पटक सूचना प्रकाशित मितिः-२०८२।०९।०७

जिल्ला महोत्तरी जलेश्वर नगरपालिका वडा नं.९ स्थितको धोबियाही पोखरीको आ.व. २०८२।०८३ को २०८२ साल माघ ०१ गते देखी आ.व. २०८७।०८८ को २०८७ साल पौष मसान्त सम्म वर्ष ५ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक माहानुभावहरुले निम्न शर्तको अधिनमा रही शिलबन्दी दरभाउपत्र दिनहुन सर्वसाधारणको जानकारीको लागि यो ७ दिने सिलबन्दी दरभाउपत्र दर्ता गराउन हुन यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१.उल्लेखित पोखरीको शिलबन्दी दरभाउपत्र खाममा पोखरीको नाम उल्लेख भएको हुनु पर्ने छ ।

२. दरभाउपत्र फाराम दस्तुर यस कार्यालयबाट पछि फिर्ता नहुने गरी रु.१,०००।- तिरी ७ औं दिन सम्म यस कार्यालयबाट कार्यालय समय सम्म खरिद गर्न सकिने छ ।

३. शिलबन्दी दरभाउपत्र ८ औं दिन दिनको १:०० बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ ।

४.पर्न आएको शिलबन्दी दरभाउपत्र ८ औं दिन दिनको ३ :०० बजे प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोलिने काम रोकिने छैन ।

५. शिलबन्दी दरभाउपत्र दिने व्यक्ति नेपाली नागरिक भएमा ५ प्रतिशत तथा गैर नेपाली नागरिक भएमा १० प्रतिशत यस कार्यालयको जलेश्वर स्थित रहेको रा.बा. बैंकमा धरौटी हि.नं. १२७०१००३०३००००००३ मा जम्मा गरेको बैंक भाउचर सक्कल, टिकट वापत रु.१०।-को नोट तथा फर्मको हकमा २०८३ अषाढ मसान्त सम्म नविकरण सहितको फर्म लगायत अन्य प्रमाणपत्रको प्रतिलिपि सम्बन्धी कागजातहरु र व्यक्तिको हकमा ना.प्र.पत्रको फोटोकापी समेत दरभाउपत्र साथ संलग्न राखि पेश गर्नुपर्ने छ तथा धरौटी रकम नगदलाई मान्यता दिईने छैन ।

६. सबै भन्दा बढी कबुल अंकवालाको ठेक्का स्वीकृत भएपछि तोकिएको समयमा पट्टा उठाउनु पर्ने छ । पट्टा उठाउन नआएमा राखेको धरौटी रकम जफत गरी नियमानुसार क्रमशः ठेक्का अर्कोलाई दिने नदिने अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

७. ठेक्का स्विकृत भएपछि स्वीकृत ठेक्का अंकको प्रथम किस्ताको रकम यस कार्यालयमा बुझाउनुपर्ने र दामासाहीले १ किस्ता बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्ग बैंकको कम्तीमा १ वर्ष म्याद भएको बैंक जमानी पत्र वा २ किस्ता बराबरको नगदै रकम यस कार्यालयमा प्राप्त भएपछि पट्टा दिने र कबुलियतको कार्य हुनेछ । साथै अन्य किस्ताको हकमा अगामी वर्ष पौष मसान्त भित्र अर्को किस्ता बुझाउनु पर्ने छ र सो नबुझाएमा ठेक्का रद गर्ने तर्फ कार्यवाही भै जाने छ ।

प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकिय अधिकृत

अधिकृत 'सातौं'

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी मधेश प्रदेश

पत्र संख्या:-२०८२/०८३
च.नं.:-

मितिः-२०८२।०९।०७

८. किस्ताको हकमा कवुल अंकको ५ किस्ता कायम गरिने छ ।
९.दरभाउपत्र फाराममा कुनै किसिमको शर्त वा कैफियत उल्लेख गर्न पाईने छैन । उल्लेख गरेको दरभाउपत्र स्वतः रद्ध हुने छ ।
१०. ठेकदारको सम्झौता गर्दा ठेक्का अनुसारको सम्पुर्ण किस्ता रकम एकमुस्ट बुझाएमा बढीमा १० प्रतिशत सम्म छुट दिन सकिने छ ।
११. नगरपालिकाले तोकिएको समयमा किस्ता रकम नबुझाएमा १० प्रतिशत ब्याज सहित असुल गरिने छ वा नियमानुसार ठेक्का रद्ध गरि धरौटी जफत गर्न सकिने छ ।
१२. ठेक्का लिदाँ नेपाल सरकारलाई बुझाउनु पर्ने कर , दस्तुर स्वयम् ठेकेदारले नै बुझाउनु पर्नेछ र बुझाएको प्रमाण पेश हुन आएमा धरौटी रकम फिर्ता गरिने छ ।
१३. पोखरीको चलन गर्दा साविकको आकार प्रकारमा न.पा. को स्वीकृती विना कुनै पनि किसिमले हेरफेर गर्न पाईने छैन ।
१४. पोखरीमा कुनै किसिमको विकास निर्माण कार्य गर्नु परेमा नगरपालिका कार्यालयले कुनै समयमा कुनै काम गर्न सक्ने छ । विकास निर्माणको कार्य गर्दा क्षतिपुर्ति सम्बन्धमा न.पा. को निर्णय अनुसार हुनेछ ।
१५. ठेक्का लिदाँ हुने हानी नोक्सानी, दैवी प्रकोप वा अन्य हानी नोक्सानीको जवाफदेही कार्यालयको नभई स्वयं ठेकदार नै हुनेछ । अन्य कुरा प्रचलित कानून अनुसार हुनेछ ।
१६. यस कार्यालयको कुनै पनि ठेक्काको रकम बाकी रहेको व्यक्तिलाई ठेक्का दिइने छैन ।
१७. नगरपालिकाले दिएको निर्देशन र निर्णयको पालन ठेकदारले गर्नुपर्ने छ ।
१८. कबुल अंकमा ठेक्का दिने नदिने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।
१९. रित नपुगेको वा म्याद नाघी आएको दरभाउ पत्र माथि कुनै किसिमको कार्यवाही गरिने छैन ।
२०.अन्य कुरा बुझ्नु परेमा कार्यालय खुलेको समयमा राजश्व शाखामा सम्पर्क राखी जानकारी लिन सकिने छ । वा यस न.पा. कार्यालयको अफिसियल वेभसाइटमा समेत सूचना प्रकाशन भएको हेर्न सकिन्छ ।
२१. यस सुचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुने छ ।
२२. वडा नं.९ धोबियाही पोखरीको न्यून्तम अंक १३,८५,०००।-(तेर्ह लाख पच्चासी हजार) मात्र ।

अधिकृत 'साती'

प्रमोद कुमार ठाकुर
प्रमुख प्रशासकिय अधिकृत